# *शकुनि* खण्डकाव्यमा वक्रता

यज्ञप्रसाद गुरागाईं
उपप्राध्यापक, धनकुटा बहुमुखी क्याम्पस, धनकुटा
इमेल : guragain.yagya@gmail.com

**लेखसार**

*शकुनि खण्डकाव्य भुवनहरि सिग्देलद्वारा लिखित खण्डकाव्य हो । महाभारतकालीन पात्र शकुनिलाई प्रमुख पात्र बनाई उनका जीवन भोगाइलाई कथानकका रूपमा प्रस्तुत गरिएको यस खण्डकाव्यमा शकुनिलाई महाभारतमा भन्दा फरक अनुकूल चरित्रका रूपमा चित्रण गरिएको छ । यस काव्यमा के कस्ता वक्रताहरू प्रयोग भएका छन् भन्ने मूल प्राज्ञिक समस्याको समाधानार्थ यस लेखमा उक्त काव्यमा प्रयोग भएका वक्रताहरूको प्रयोगको अवस्था पत्ता लगाउने उद्देश्य राखिएको छ । यस काव्यमा प्रयोग भएका वक्रोक्तिको अध्ययन हालसम्म कसैले गरेको नपाइएकाले यस नवीन विषयको अध्ययनले अनुसन्धानगत रिक्ततालाई पूर्ति गर्नुका साथै अध्ययनको औचित्यलाई पनि पुष्टि गरेको छ । गुणात्मक ढाँचाको अवलम्बन गरी लेखिएको यस लेखमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ । यहाँ वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, अव्युत्पन्न वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रतासम्बद्ध काव्यका प्रयोगहरूलाई तथ्यका रूपमा लिई तिनको विश्लेषण गरिएको छ । लेखको अन्तमा उक्त काव्यमा वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रताका विभिन्न भेदहरूको प्रयोगका कारण यो खण्डकाव्य सौन्दर्ययुक्त भएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** आहार्य, आह्लादकता, सहजा, सौन्दर्यातिशयता ।

## विषयपरिचय

*शकुनि* भुवनहरि सिग्देलद्वारा प्रकाशित खण्डकाव्य हो । यो काव्य खण्डकाव्य त्रयोदश मा प्रकाशित छ । यो काव्य महाभारतकालीन पात्र शकुनिलाई नायक बनाई रचना गरिएको छ । यसर्थ यस काव्यको विषयवस्तु पौराणिक छ । जम्मा छ खण्डहरूमा संरचित यस काव्यमा निहित वक्रोक्तिको अध्ययन प्रस्तुत लेखमा गरिएको छ ।

वक्रोक्ति पूर्वीय साहित्यशास्त्री आचार्य कुन्तकद्वारा प्रतिपादित साहित्य सिद्धान्त हो । यिनले यस सिद्धान्तलाई वक्रोक्तिजीवितम् नामक साहित्यशास्त्रमा प्रस्तुत गरेका छन् । यस ग्रन्थका कारिका, वृत्ति र उदाहरणका माध्यमबाट उनले वक्रोक्ति सिद्धान्तको प्रतिपादन गरेका छन् । कुन्तकले पूर्ववर्ती विचार परम्परावाट प्रेरणा र प्रभाव  ग्रहण गरी वक्रोक्तिलाई कृति समीक्षाको वस्तूपरक सिद्धान्तका रूपमा स्थापित गरेका छन् । उनका अनुसार वक्रोक्ति भनेको लोकप्रसिद्ध कथन (चलनचल्तीको कथन) नभएर भिन्न किसिमको कथन हो, यो विचित्र किसिमको अभिधा (वर्णन शैली) हो र प्रतिभासम्पन्न कविको विच्छित्तियुक्त अभिव्यक्ति पनि हो । कुन्तकको यस भनाइअनुसार वक्रोक्ति दैनिक रूपमा लोकले प्रयोग गर्ने कथन नभएर त्यसको व्यतिरेक वा विपरीत कथन हो । यस्तो अभिव्यक्तिमा विचित्र किसिमको वर्णन शैली प्रयोग भएको हुन्छ र यो प्रतिभासम्पन्न कविद्वारा प्रस्तुत भएको चारुताले युक्त हुन्छ । वास्तवमा कुन्तकका भनाइलाई हेर्दा वक्रोक्तिका कविकौशल, चमत्कार र उक्ति गरी तीन पक्ष देखिएका छन् । कुन्तकले वक्रोक्ति काव्यजीवितम् भन्दै वक्रतालाई काव्यको आत्मासमेत मानेका छन् । यसर्थ यिनका अभिप्रायमा वक्रोक्ति काव्यको मूल वा प्रधान तत्त्व हो । शर्मा र लुइटेलका अनुसार कुन्तकले एकातिर अलङ्कारवादी, रीतिवादी जस्ता सौन्दर्यवादी विचारधाराको र अर्कातिर रसवादी, ध्वनिवादी जस्ता आनन्दवादी विचारधाराको समन्वय गरी वक्रोक्तिवादी सिद्धान्त प्रतिपादन गरेका छन् । यिनीहरूका भनाइबाट वक्रोक्तिवादी सिद्धान्त समन्वयवादी दृष्टिकोणले युक्त रहेको बुझिन्छ । कुन्तकले वक्रोक्तिका वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रता गरी छओटा भेदको चर्चा गरेका छन् । *शकुनि* खण्डकाव्यमा पाइएका यी वक्रतासम्बद्ध प्रयोगहरूको निरूपण यहाँ गरिएको छ ।

प्रस्तुत लेख वक्रोक्ति सिद्धान्तका आधारमा भुवनहरि सिग्देलकृत *शकुनि* खण्डकाव्यको अध्ययन-विश्लेषणमा केन्द्रित छ । यस लेखमा उक्त खण्डकाव्यमा वक्रोक्तिको प्रयोगावस्था के कस्तो रहेको छ भन्ने कुरालाई प्राज्ञिक समस्याका रूपमा लिइएको छ र सो समस्याको समाधानार्थ उक्त काव्यमा प्रयुक्त वक्रताहरूको प्रयोगावस्था पहिचान गर्ने उद्देश्य राखिएको छ । वक्रोक्ति सिद्धान्तमा आधारित भई हालसम्म अरू कसैले यस काव्यको अध्ययन गरेको नपाइएकाले यो अध्ययन नवीन पनि छ । यसर्थ यसको विषयगत नवीनताले पाठकहरूलाई एउटा नयाँ खुराक प्रदान गर्ने देखिन्छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा भाषिक सामग्रीहरूलाई तथ्यका रूपमा उपयोग गरिएको हुँदा गुणात्मक ढाँचाको अवलम्बन गरिएको छ । यहाँ प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरू उपयोग भएका छन् । *शकुनि* खण्डकाव्यको सम्यक् पठनबाट टिपोट गरिएका वक्रतासम्बद्ध उदाहरणहरूलाई यहाँ प्राथमिक स्रोतको सामग्रीका रूपमा उपयोग गरिएको छ भने वक्रोक्ति सिद्धान्तको चर्चा गरिएका पुस्तक, वक्रोक्ति

सिद्धान्तलाई आधार मानी निर्माण गरिएका अनुसन्धानात्मक शोधप्रतिवेदन तथा लेखरचनाहरूलाई द्वितीय स्रोतको सामग्रीका रूपमा उपयोग गरिएको छ। *शकुनि* काव्यका वक्रोक्तियुक्त उदाहरणहरूलाई प्रस्तुत गरेर तिनको विश्लेषण समेत गरिएकाले यहाँ प्रस्तुतीकरणको विधिका रूपमा भने विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ।

## नतिजा र विमर्श

प्रस्तुत लेखमा सुरुमा कुन्तकबाट प्रतिपादन गरिएको वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रताको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ। यसपछि *शकुनि* खण्डकाव्यमा निहित यी वक्रतासम्बद्ध उदाहरणहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ।

## वर्णविन्यास वक्रता

वर्णहरूको विशिष्ट किसिमको विन्यासबाट उत्पन्न सौन्दर्यलाई वर्णविन्यास वक्रता भनिन्छ। कुन्तकले वर्णविन्यास वक्रताका सन्दर्भमा वर्णलाई व्यञ्जन वर्णको पर्याय मानेका छन् (अधिकारी, २०७३, पृ. २३९)। कुनै काव्यमा एक वा अधिक व्यञ्जन वर्ण स्वल्पान्तरमा बारम्बार उपनिबद्ध भएर सौन्दर्य सिर्जना गरेमा वर्णविन्यास वक्रता हुन्छ (गुप्ता, सन् १९९०, पृ. १०)। यस भनाइअनुसार वर्णविन्यास वक्रताका सिर्जना हुन तीन अवस्था पूरा हुनुपर्छ : एक वा अधिक व्यञ्जन वर्णहरूको आवृत्ति हुनुपर्छ, त्यस्तो आवृत्ति स्वल्पान्तरमा (छोटोछोटो अन्तरमा) हुनुपर्छ र आवृत्त वर्णहरूले सौन्दर्यको सिर्जना पनि गर्नुपर्छ। यिनका साथै यस्ता वर्णहरू रसानुकूल वा वर्णन गरिएको विषयानुकूल हुनुपर्छ, कृत्रिम रूपमा नभई स्वाभाविक रूपमा आवृत्त हुनुपर्छ, श्रुतिमधुरताले युक्त सुन्दर र कोमल वर्णको विन्यास हुनुपर्छ, रसानुकूल भएमा मात्र कठोर मानिएका वीर, रौद्रादि उपकारक भएर आएका कठोर वर्णहरूको प्रयोग मान्य हुन्छ, नव नव वर्णको आवृत्ति हुनुपर्छ र यमकादिको संयोजनका लागि आवृत्त वर्णहरू प्रसाद गुणयुक्त पनि हुन आवश्यक छ (अधिकारी, २०७३, पृ. २३९-२४०)। यस वक्रताका एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्शवर्ण वक्रता, रकारादि संयुक्तवर्ण वक्रता, तलनादि द्वित्ववर्ण वक्रता, तथा यमक र यमकाभास वक्रता गरी सात भेद रहेका छन्। *शकुनि* खण्डकाव्यमा पाइएका यस्ता वक्रताका केही उदाहरणहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

गान्धारी पनि हेर्न सक्तिन पिता सङ्ग्राम त्यो आपसी
के हेरोस् अब सुन्दरी कलहको अन्तर्दशा तामसी
लोग्ने नेत्रविहीन हुन्छ जसको संसार के हेर्नु छ ?
कालो जीवनभित्र कालिम निशा आफैँ निराकार छ। (सिग्देल, २०७७, पृ. ७३)

प्रस्तुत उदाहरणमा 'गान्धारी', 'हेर्न', 'सक्तिन' 'सुन्दरी', 'अन्तर्दशा', 'लोग्ने' 'नेत्रविहीन' 'हुन्छ', 'हेर्नु' 'जीवन' 'निशा' र 'निराकार' पदहरूमा 'न्' वर्णको; 'सक्तिन', 'सङ्ग्राम', 'तामसी', 'हेरोस्', 'सुन्दरी', 'अन्तर्दशा', 'तामसी' पदहरूमा 'स्' वर्णको; 'सक्तिन', 'पिता' र 'त्यो' पदहरूमा 'त्' वर्णको तथा 'जसको', 'के', 'कालो', 'कालिम' र 'निराकार' पदहरूमा 'क्' वर्णको व्यवधानरहित र व्यवधानसहित

रूपमा बारम्बार आवृत्ति भएको छ । पदका विभिन्न भागमा आवृत्ति भएकाले यी वर्णहरूले उक्त काव्यांशमा लयमाधुर्य र श्रुतिसौन्दर्यको सिर्जना गरेका छन् । 'न' वर्णको बारम्बारको आवृत्तिले नादसौन्दर्य उत्पन्न भएको पनि छ। अन्धा व्यक्तिकी पत्नी बन्नुपर्ने नियति बोकेकी गान्धारीको दयनीय कोमल अवस्थाको वर्णनका लागि यी कोमल वर्णहरू उपकारी बनेका पनि छन्। माधुर्य गुणले सम्पन्न यी वर्णहरूको प्रयोगले काव्यांशमा वर्ण र अर्थका बिचमा सहकारीको अवस्था पैदा पनि गरेको छ । यसर्थ यहाँ एकवर्णको विन्यासबाट उत्पन्न वक्रता काव्यांशको शोभाको कारण बनेको छ ।

युवराज थियो यमराज भयो  
रसरङ्ग भुलेर तिलिङ्ग लियो  
घरबार छुट्यो तरबार भिऱ्यो  
अपमानित सिंह बनी दगुऱ्यो । (सिग्देल, २०७७, पृ. ७३)

यहाँ 'युवराज' र 'यमराज' पदहरूमा 'र्ज्' वर्णसमूह, 'रसरङ्ग' र 'तिलिङ्ग' पदहरूमा 'ङ्ग्' वर्णसमूह, 'घरबार' र 'तरबार' पदसमूहरूमा 'ब्र्' वर्णसमूह  तथा 'भिऱ्यो' र 'दगुऱ्यो' पदसमूहरूमा 'र्य्' वर्णसमूह व्यवधानसहित आवृत्त भएका छन्। यी वर्णसमूह अन्याय सहन नसकी प्रतिकारका लागि रिसाएर हिँडेको शकुनिको उग्र अवस्थालाई प्रकट गर्न उपयुक्त छन् । यिनले छेकानुप्रासीय लयसौन्दर्य सिर्जना गर्न भूमिका निर्वाह गरेका छन् । पूर्वावृत्त (अगाडि आवृत्त वर्णसमूह) लाई परित्याग गर्दै नव नव वर्णहरू स्वल्पान्तरमा आवृत्त भएका पनि छन्। यी वर्णसमूहको प्रयोगका कारण काव्यांश मनोहर बनेको छ। यसर्थ यस काव्यांशलाई द्विवर्णविन्यास वक्रताको उदाहरणका रूपमा लिन सकिन्छ।

टार्नोस् सङ्कट वर्तमान युगको यो भीष्म आतङ्क हो  
मेरो लक्ष्य दुराशयी भुवनको सामन्तको अन्त हो  
बैनीको बलिदानबाट सजिलै गान्धार होस् रक्षण  
यो गान्धार म छोड्छु विप्लव बनी उत्सर्ग देखाउन । (सिग्देल, २०७७, पृ. ७१)

यहाँ प्रयुक्त 'सङ्कट' र 'आतङ्क' पदहरूमा 'ङ्क' वर्गान्तयोगी स्पर्शवर्णको, 'सामन्त' र 'अन्त' पदहरूमा 'न्त' वर्गान्तयोगी स्पर्शवर्णको र दुईपटक प्रयोग भएको 'गान्धार' पदमा 'न्ध' वर्गान्तयोगी स्पर्शवर्णको आवृत्ति भएको छ। यिनले कविताको अभीष्टार्थलाई उपकार गरी मर्मस्पर्शी तुल्याएका छन्। बारम्बार आवृत्त भई प्रयोग भएकाले श्रुतिसौन्दर्य र लयमाधुर्य सिर्जनामा यिनको योगदान देखिएको छ । पूर्वावृत्त वर्णसमूह (ङ्क) लाई परित्याग गर्दै नव वर्णसमूह (न्त) को आवृत्तियुक्त प्रयोग र यी दुवै वर्णसमूह (ङ्क र न्त) लाई परित्याग गर्दै अर्को नव वर्णसमूह (न्ध) को आवृत्तियुक्त प्रयोगका कारणले काव्यांश मनोहर बनेको पनि छ । यसरी वर्गान्तयोगी स्पर्शवर्णहरूको आवृत्तिले काव्यांशलाई आकर्षक तुल्याइएको हुँदा यहाँ वर्गान्तयोगी स्पर्शवर्ण वक्रताको शोभा देखापरेको छ ।

बोको मऱ्यो वा पतिदेव मारियो ?  
दशा टऱ्यो मासु मिसी खुवाइयो  
खाइन् कठै बालकले कसो गरी ?  
गान्धार नासिन्छ कि यो कथा सरी । (सिग्देल, २०७७, पृ. ६१)

यहाँ प्रस्तुत पहिलो र दोस्रो पङ्क्तिमा क्रमशः 'मऱ्यो' र 'टऱ्यो' पद प्रयोग भएका छन् । यी पदमा 'य' वर्णसँग रकार संयुक्त भई बनेको 'ऱ्य' को आवृत्ति भएको देखिन्छ । यसले काव्यांशलाई मर्मस्पर्शी तथा प्रभावकारी बनाएको छ । यस आवृत्तिले लयात्मकता र श्रुतिसौन्दर्य सिर्जना गरी काव्यांशलाई आह्लादक एवं रमणीय तुल्याएको छ । त्यसैले उक्त प्रयोग रकारादि संयुक्तवर्ण वक्रता उत्पन्न गर्ने कारण बनेको छ ।

झोक्रायो धृतराष्ट्र आशय बुझ्यो भित्री खुले लोचन
काँडाझैँ कटु शब्दले व्यथित भो सोच्यो झुक्यो गर्दन
आँखा दृष्टिविहीन छन् पलकमा खस्रा परेला चले
आफ्ना आसनमा गल्यो मगजमा तारा सितारा बले । (सिग्देल, २०७७, पृ. ८५)

यहाँ 'आफ्ना आसनमा गल्यो मगजमा तारा सितारा बले' भन्ने पङ्क्तिमा 'तारा सितारा' पदहरू समान वर्णयुक्त र भिन्नार्थक देखिएका छन् । यी पदहरूबाट रानीका निर्णयात्मक अभिव्यक्तिले राजाका मनमा उत्पन्न पीडाको भाव सरल रूपमा प्रस्तुत भएको छ । यसर्थ यहाँ सहज रूपमा तत्काल अर्थबोधको अवस्था देखिएको छ । यो अभिव्यक्ति प्रसाद गुण तथा श्रुतिमाधुर्ययुक्त छ र यसले काव्यांशलाई आकर्षक तुल्याएको पनि छ । पादमध्यमा प्रयुक्त यी पदहरूमा स्थान नियमको परिपालना भएको पनि छ । रानीको भनाइबाट राजाको चेत खुलेको र सम्भावित दुर्घटनाको कल्पनाबाट उत्पन्न पीडा भावको अनुकूल समेत भएका उक्त पदहरू यमकालङ्कारको विशेषताले युक्त देखिएकाले यो काव्यांश यमक वक्रताको चमत्कारले सौन्दर्यातिशय बनेको छ ।

## पदपूर्वार्द्ध वक्रता

वक्रोक्तिको दोस्रो भेद पदपूर्वार्द्ध वक्रता हो । पदका पूर्व भागमा निहित वक्रतालाई पदपूर्वार्द्ध वक्रता भनिन्छ । संस्कृत व्याकरणमा सुबन्त र तिङन्त गरी पद दुई प्रकारका हुन्छन् । सुबन्तको पूर्वार्द्ध रूप प्रतिपदिक र तिङन्तको पूर्वार्द्ध रूप धातु भएकाले धातु र प्रातिपदिकमा निहित वक्रतालाई नै पदपूर्वार्द्ध वक्रता भनिन्छ (कुन्तक, सन् १९५५, पृ. १९१) । धातु र प्रातिपदिक पदका प्रकृति भएकाले नगेन्द्रले यसलाई प्रकृति वक्रता पनि भनेका छन् (सन् १९८३, पृ. १८२) । यसर्थ यसले पदका प्रत्ययबाहेकका अंशमा निहित वक्रतालाई जनाउँछ । यसका रूढि, पर्याय, उपचार, विशेषण, संवृत्ति, वृत्ति, भाव, लिङ्ग, क्रिया र पदमध्यान्तर्भूत गरी दस भेद छन् । *शकुनि* खण्डकाव्यमा पाइएका यस्ता वक्रताका केही उदाहरणहरूलाई निम्न तथ्यका रूपमा प्रस्तुत गरिएको छ :

यी नेपथ्य कथा यहीँ स्थगन छन् दोस्रो छ दृश्यावली
सानो अंश यहाँ छ व्यास गुरुले व्याख्या दिनेछन् बढी
काशीराज विशेष उत्सुक थिए छोरीहरूको बिहे
गर्ने हो सुरुमा स्वयंवर सकी सन्देश यस्तो दिए । (सिग्देल, २०७७, पृ. ६१)

यस उदाहरणमा प्रयुक्त 'व्यास गुरु' पद विशेष अर्थयुक्त देखिएको छ । व्यास गुरु पौराणिक ग्रन्थ महाभारतका रचनाकार हुन् । उनले यसमा अनेक कथा उपकथाहरूलाई व्याख्या गरेका छन् । द्वापर युगका व्यास अहिले जीवित नरहेकाले यहाँ प्रयुक्त 'व्यास गुरु' पदले महाभारतका रचनाकारलाई नजनाई पौराणिक तथा ऐतिहासिक घटनाजन्य कथाको व्याख्या त्यसरी नै गर्ने अर्को विद्वान् व्यक्तिलाई

सङ्केत गरेको छ । यसर्थ 'व्यास गुरु' पदमा 'खोजान्वेषक विद्वान् व्यक्ति' धर्म अध्यारोप भएकाले यस पदबाट वैचित्र्य उत्पन्न भएको छ । पौराणिक इतिहासको व्याख्या गर्ने विद्वान् व्यक्ति 'व्यास गुरु' पदको वाच्यार्थमा 'अन्य अन्वेषक विद्वान् व्यक्ति' भन्ने सोही धर्मको आरोप गरिएकाले यस काव्यांशमा सद्धर्मातिशयारोपगर्भ रूढिको चमत्कार उत्पन्न भएको छ ।

काशीराज नरेश सालिक बने खै के भयो के भयो
पुत्रीका हकमाथि वज्र खनियो आयोजना सिद्धियो
फर्के भीष्म लिएर राजतनया आफ्नै चढाई रथ
चर्को भीषण चक्रवात सकियो प्रासादको सन्मुख । (सिग्देल, २०७७, पृ. ६४)

यहाँ 'खै के भयो के भयो' भन्ने काव्यांशमा 'के' यस सर्वनामादिको प्रयोग भएको छ । यस पदभित्र काशीराजले गरेको पीडाको भावलाई गोपन गरिएको छ । यहाँ काशीराजलाई भीष्मका आदेशले अनुभूत गराएको विषयलाई शब्दबाट वर्णन नगरी संवरणकलाका माध्यमबाट प्रस्तुत गरिएको छ । सर्वनामादिभित्र गोपन गरिएको भाव काशीराजको अनुभवको विषय भएकाले यहाँ परानुभवलाई संवरण गरिएको संवृत्ति वक्रता उत्पन्न भई त्यसले काव्यांशको भावलाई आह्लादक तुल्याएको छ ।

भन्लान् बाघ थला बसेछ कि कसो जिस्क्याउलान् बाँदर
त्यो लज्जा पनि बाध्य भै म सहुँला सम्बन्धका खातिर
यो प्रस्ताव मिचेर दूत निमुखा रित्तै नफर्काइयोस्
पाकेको फल हातमा छ नृपको हाँगो नमर्काइयोस् । (सिग्देल, २०७७, पृ. ६५)

यहाँ 'पाकेको फल हातमा छ नृपको हाँगो नमर्काइयोस्' भन्ने पङ्क्तिमा प्रयुक्त 'पाकेको फल' को अर्थ 'खान उपयुक्त स्वादिष्ट फल' र 'हाँगो' को अर्थ 'रुखको सानो शाखा' भन्ने हुन्छ । तर यहाँ यी पदहरूलाई क्रमशः 'सुन्दर र सुखद भविष्य' र 'मन' अर्थमा प्रयोग गरिएको छ । यसरी 'पाकेको फल' पर्याय पदले गान्धार राज्यको र स्वयम् गान्धारीको समेत सुन्दर भविष्यलाई र 'हाँगो' पर्याय पदले नृपका मनको अर्को विचारतर्फ मोडिने अवस्थालाई सङ्केत गरेकाले अभिव्यक्ति आह्लादक एवं रमणीय बनेको छ । यी पर्याय पदले आफ्नो रम्य शोभाको स्पर्शबाट उल्लिखित अभिप्रायलाई शोभातिशय तुल्याइएको हुँदा यस काव्यांशमा पर्याय वक्रता देखापरेको छ । पर्याय पदको रम्य छायान्तरको स्पर्शका कारण काव्यांश रमणीय बनेकाले यहाँ स्वच्छायोत्कर्षपेशल पर्यायको प्रयोग भएको छ ।

आँखा बन्द गरेर देख्न सकिने अभ्यास यस्तो गरोस्
त्यो कालो कुरुराज्यको हृदयले सङ्केत कालो बुझोस्
खोजोस् पुत्र र राज्य मोह सुखको संसार आफैँसित
बन्दीझैँ दरबारका सतहमा छामोस् अँध्यारा हक । (सिग्देल, २०७७, पृ. ७३)

यहाँ 'कालो' र 'अँध्यारा' विशेषणहरूको प्रयोग गरिएको छ । यहाँ 'कुरुराज्यको हृदय' विशेष्यका लागि प्रयुक्त 'कालो' विशेषणले 'अत्यन्त दुष्ट वा पापी' अर्थलाई र 'हक' विशेष्यका लागि प्रयुक्त 'अँध्यारा' विशेषणले 'प्राप्त नहुने वा नपाइने' अर्थलाई सङ्केत गरेका छन् । यसरी अरूलाई दमन गर्ने वा अरूको स्वाभिमानको अपहरण गर्ने कुरुराज्यका शासकहरूको विचार वा व्यवहार दुष्ट भएको र गान्धारीले दासीतुल्य भएर कुनै अधिकार नपाउने काव्यांशको अर्थलाई चमत्कृत तुल्याउन प्रयोग भएका

यी विशेषणहरूले वस्तुको स्वाभाविक सौन्दर्यलाई प्रकाशित गरेका छन् । यी विशेषणको प्रयोगका कारण अभिव्यक्ति मार्मिक र वैचित्र्यमय बनेकाले यस काव्यांशमा कारकको स्वाभाविक सौन्दर्य प्रकाशक विशेषण वक्रता पैदा भएको छ ।

देख्यो जीर्ण विदीर्ण घायल पिता पल्लो कुनामा थिए
लम्के पाउ उतै पुगेर अडिए आँखा जुधेका थिए
पड्क्यो पत्थर साथ पत्थर जुधी झिल्का उठेझैँ गरी
हे राजन अब राजनीति रणका व्याख्या दिनोस् सुस्तरी । (सिग्देल, २०७७, पृ. ७६)

यस उदाहरणमा 'लम्के पाउ उतै पुगेर अडिए' र 'आँखा जुधेका थिए' भनिएको छ । तर यहाँ भनिएजस्तो पाउ आफैँ लम्कने र उतै पुगेर अडिने गर्दैनन् भने आँखा पनि आफैँ जुध्ने गर्दैनन् । यस्ता कार्यका लागि व्यक्ति साधकको आवश्यकता पर्दछ तर पाउ आफैँ लम्केका र उतै पुगेर अडिएका तथा आँखा आफैँ जुधेका थिए भनिएकाले अभिव्यक्ति सौन्दर्यातिशय बन्न पुगेको छ । यस प्रकार 'लम्के', 'पुगेर अडिए' र 'जुधे' यी क्रियाका साध्यभावको तिरस्कार गरी त्यसलाई सिद्ध रूपमा प्रस्तुत गरिएकाले यस काव्यांशमा भाववैचित्र्य वक्रताको शोभा देखापरेको छ ।

पत्र पढेपछि भूपतिको शिरमाथि खस्यो भयको छहरो
भीष्म पितामहको भल हो गहिरैतिर बग्दछ यो पहरो
बोल्नु वृथा लिपि शब्दविना अभिमान वृथा यमराजसँग
अग्निविना पनि जल्नुपऱ्यो जय दुर्जय हो प्रतिकारसँग । (सिग्देल, २०७७, पृ. ६७)

यहाँ 'पत्र पढेपछि भूपतिको शिरमाथि खस्यो भयको छहरो' भन्ने पङ्क्ति प्रस्तुत गरिएको छ । यस पङ्क्तिमा प्रस्तुत 'भयको छहरो' पदावलीमा 'भय' अमूर्त पदलाई 'छहरो' मूर्त पदमा उपचारतः आरोप गरिएको छ । 'भय' र 'छहरो' पीडा दिने वस्तुका रूपमा मात्र समान भएकाले यी नाममात्रको समानता भएका वस्तु हुन् । यस आरोप प्रक्रियाबाट यहाँ भीष्मको आदेश नमान्दा हुने सम्भावित आक्रमणका कारण गान्धार नृपमा उत्पन्न भय भाव मर्मस्पर्शी बनेको छ । रूपकालङ्कारको सरसतासमेत पाइने यस अभिव्यक्तिमा पदार्थकै आरोप भएकाले यहाँ पदार्थआरोपमूल उपचार वक्रता काव्यांशमा चमत्कार सिर्जना गर्ने कारण बनेको छ ।

सोच्थ्यो भीष्म भुरे लुते झुसमुसे पाखे रजौटा भनी
सोही आज भयौ प्रमाणित गऱ्यौ के अर्थ यस्तो जुनी
बाँच्ने मानिस मर्न जान्दछ पिता मर्ने तमासा भयौ
सोध्ला प्रश्न भविष्यमा जमिनले गान्धारमा के दियौ ? (सिग्देल, २०७७, पृ. ७९)

यहाँ 'जमिन' लाई गान्धारमा के दियौ भनी प्रश्न सोध्ने कर्ता बनाइएको छ । जमिन निर्जीव वस्तु भएकाले सजीव प्राणी मानिसले जस्तो प्रश्न सोध्ने क्रियाको कार्य गर्न सक्तैन । यसर्थ यो दोस्रो प्रकारको कर्ता हो । यसरी कर्ता बन्न नसक्ने पदलाई कर्ता बनाई प्रस्तुत गरिएकाले कर्त्रन्तर विचित्रताले युक्त क्रियावैचित्र्य वक्रता उत्पन्न भई अभिव्यक्तिलाई मनोहर तुल्याएको छ ।

## पदपरार्द्ध वक्रता

पदको परार्द्ध (उत्तरार्द्ध) मा निहित वक्रतालाई पदपरार्द्ध वक्रता भनिन्छ । पदको परार्द्धमा प्रत्यय रहने भएकाले यसलाई प्रत्यय वक्रता पनि भनिएको छ (नगेन्द्र, सन् १९८३, पृ. १९६) । यस वक्रताका काल, कारक, सङ्ख्या (वचन), पुरुष, उपग्रह तथा प्रत्यय वक्रता गरी जम्मा छओटा भेद रहेका छन् । प्रस्तुत *शकुनि* खण्डकाव्यमा पाइएका पदपरार्द्ध वक्रताका केही प्रयोगहरूलाई निम्न उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

झुम्राकी पुतली बनेँ महलकी शृङ्गार के गर्नु म ?
मर्छे निश्चय मान्नुहोस् अटल होस् साम्राज्य यो शासन
जानाजान सती सराप नगरूँ मर्नै परेमा किन ?
अत्याचार र जालनीति कुरुको सक्ला कहाँ जोगिन ? (सिग्देल, २०७७, पृ. ८५)

यहाँ गान्धारीले आफू पनि बाँच्नुको अर्थ नरहेको आशय व्यक्त गरेकी छिन् । उनको उक्त अभिव्यक्तिको पहिलो पङ्क्तिमा प्रथम पुरुषको 'म' कर्ता प्रयोग गरिएको छ । गान्धारीले आफूलाई सन्दर्भ बनाई प्रस्तुत गर्दा 'म' कर्ता प्रयोग गर्न स्वाभाविक भए पनि दोस्रो पङ्क्तिमा 'मर्छे' तृतीय पुरुषको क्रिया प्रयोग गरिएको छ । गान्धारीले आफूलाई कुरुराज्यकी महारानी नठानी तृतीय पुरुषकी तुच्छ दासी सरहकी नारी ठानेर वक्ताको सन्दर्भ जनाउने कर्तालाई पनि कथ्य विषयक सन्दर्भअनुसार व्यक्त गरेकी छिन् । यो नै यस काव्यांशमा देखापरेको पुरुष वक्रताको चमत्कार हो । यसरी यो काव्यांश पुरुष वक्रताको सुन्दर उदाहरण बनेको छ ।

मालासाथ सुशोभिता प्रणयनी यी राजकन्याहरू
आफ्नो साथ लिएर जान्छु नगरूँ व्यर्थै तमासा अरू
मेरो भाइ विचित्रवीर्य बर हुन् कन्या हुनन् श्रीमती
मर्यादा कुरुराज्यको चलन हो यस्तै हरिन्छन् सती । (सिग्देल, २०७७, पृ. ६३)

यहाँ 'यस्तै हरिन्छन् सती' भन्ने पङ्क्तिमा 'हरिन्छन्' क्रियाको प्रयोग भएको छ । कर्म 'सती' सँग सङ्गति लिएकाले यस क्रियाको विषय कर्म हो । यसर्थ यहाँ कर्मको प्रधानता देखिएको छ । कर्म पद 'सती' मानव हुन् र उनले आफ्नो जीवनका लागि स्वयंवर गर्न पाउनुपर्ने हो तर यहाँ सतीलाई इच्छा वा कामना राख्न नसक्ने जडवस्तुका रूपमा लिई अरूका उपभोग्य वस्तु मानिएकाले अभिव्यक्ति रमणीय बनेको छ । नारी अस्तित्वको उपेक्षा गरी तिनलाई अरूको स्वार्थ परिपूर्तिका लागि साधन बनाउने कुरुराज्यको चलन रहेको भनाइबाट 'सती' मूल्यहीन बनेको काव्यांशको अर्थलाई जोड दिई संवेद्य तुल्याउन यहाँ अभिव्यक्तिलाई कर्मवाच्यीकरण गरी प्रस्तुत गरिएको छ । यो नै यस काव्यांशमा व्यक्त भएको उपग्रह वक्रताको प्रयोग हो । यस वक्रताले काव्यांशलाई चमत्कारी तुल्याएको छ ।

बाबा हुन् कि विचित्रवीर्य उसका श्री व्यास को हुन् गुन्यो
गान्धारी र पठानका रगतको व्यङ्ग्यार्थ वाणी सुन्यो
सोच्यो प्रौढ उमेरमा विधुर भो पत्नी मरिन् रे अब
कल्ले गर्छ सहायता अबरमा अन्धो छ जो वास्तव । (सिग्देल, २०७७, पृ. ८५)

यस काव्यांशमा 'सोच्यो प्रौढ उमेरमा विधुर भो पत्नी मरिन् रे अब' भन्ने पङ्क्ति प्रयोग भएको छ । यहाँ रानी जीवित हुँदा नै राजाले सोचेका अभिव्यक्तिमा रानी मरिन् र प्रौढ उमेरमा राजा विधुर भो (भयो) भनिएको छ । यहाँ भविष्यमा हुने कार्यका लागि 'मर्नेछिन्' र 'हुनेछ' भनेर सामान्य भविष्यत्कालमा प्रयोग गर्नुपर्ने क्रियालाई सामान्य भूतकालमा प्रयोग गरिएकाले काल प्रयोगमा विचलनको अवस्था देखापरेको छ । रानी शारीरिक रूपमा जीवित भए पनि सक्रिय नेत्र हुँदै अन्धो हुनुपरेको र हक अधिकारहीन रानी हुनुपरेको तथा माइतीको विनाश आफ्नै पतिबाट हुँदा पनि प्रतिवाद गर्न नसकी निरीह भएर बाँच्नुपरेकामा अस्तित्ववादी एवं मनोवैज्ञानिक दृष्टिले विगतमै मरिसकेकी थिइन् भन्ने कुरालाई सङ्केत गर्न सामान्य भविष्यत्कालिक क्रियालाई सामान्य भूतकालमा प्रयोग गरिएको छ । यसरी खास सौन्दर्य सिद्धिका लागि काल प्रयोगमा विचलन गरिएकाले काल वक्रताको प्रयोगले काव्यांशलाई चमत्कृत तुल्याएको छ ।

## वाक्य वक्रता

यस वक्रतालाई वाच्य वक्रता, वस्तु वक्रता वा अर्थको वक्रता पनि भनिन्छ । शर्माले यस वक्रतालाई वाच्य/अलङ्कार्य वा वाक्य स्तरमा देखापर्ने चमत्कार वा विच्छित्ति भनेका छन् (२०७४, पृ. १२) । यस भनाइबाट काव्यमा व्यक्त हुने अलङ्कार्यको चमत्कार नै वाक्य वक्रता हो भन्ने बुझिन्छ । कुन्तकका अनुसार वर्णनीय पदार्थ रूप वस्तुको उत्कर्षशाली स्वभावलाई सुन्दर रूपमा सुन्दर शब्दद्वारा वर्णन गरिएमा वाक्य वक्रता उत्पन्न हुन्छ (सन् १९५५, पृ. २९३) । उनको यस भनाइमा वाक्य वक्रताको सिर्जना हुन सहृदयमा आह्लाद उत्पन्न हुने गरी वस्तुको उत्कर्षशाली स्वभावको वर्णन गरिनुपर्ने आशय अन्तर्निहित छ । त्रिपाठीका अनुसार यस वक्रतामा रसादि ध्वनिहरू समेटिएका हुन्छन् (सन् २००७, पृ. ९४) । रसादि ध्वनि भन्नाले रस ध्वनि, वस्तु ध्वनि र अलङ्कार ध्वनिलाई जनाउँछ । यी ध्वनिहरू वक्रताको उक्त भेदमा समेटिन्छन् भन्ने उनको तर्क छ । यस वक्रतालाई कविको प्रस्तुतीकरणको तरिकाका आधारमा सहजा र आहार्य, सहृदयको ग्रहण प्रतिक्रियाका आधारमा स्वभावप्रधान, रसप्रधान र नीतिप्रधान तथा वर्णनीय वस्तुका आधारमा चेतन वस्तु र अचेतन वस्तु वक्रता भनी वर्गीकरण गर्न सकिन्छ (नगेन्द्र, सन् १९८३, पृ. २०५) । *शकुनि* खण्डकाव्यमा प्रयुक्त वाक्य वक्रताका केही प्रयोगहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

त्यो प्रासाद समग्र झिलिमिल थियो बत्ती तथा तोरण<br>
चौतर्फी पहरा सभा भवनमा उल्लासदायी क्षण<br>
सारा सुन्दरमाझ भन्नु कसरी को योग्य को सुन्दर ?<br>
चम्क्यो सभ्य सभा सभासद बसे श्रद्धा यथाआदर । (सिग्देल, २०७७, पृ. ६२)

यस उदाहरणमा काशीराजका छोरीहरू अम्बा, अम्बिका र अम्बालिकाको विवाह मण्डपको वर्णन भएको छ । यस काव्यांशमा उक्त विवाह मण्डप सिँगारिएर झकिझकाउ बनाइएको थियो भन्ने कुरा प्रस्तुत भएको छ । विवाह मण्डपको चित्रवत् वर्णन गरिएको यस काव्यांशमा मण्डप निर्मित भए पनि मण्डपको प्रकृत रूपको चित्रवत् वर्णन सहजताका साथ प्रस्तुत गरिएको छ । यसैले यहाँ सहजा वाक्य वक्रताको शोभा उत्पन्न भएको छ ।

छातीभित्र घृणा जल्यो शकुनिको चैते डँढेलोसरि
गुम्स्यो मानसमा धुवाँ रुमलियो प्रश्वास आँधी हुरी
भित्तामा सहसा निधार धसियो दाह्रा चपायो उठ्यो
लाभा रक्तिम नेत्रकोस भरिए ज्वालामुखीझैँ फुट्यो । (सिग्देल, २०७७, पृ. ७८)

सुबाला र शकुनिसहित उनका छोराहरूलाई बन्दी बनाएर यातनापूर्वक कुरुराज्यका कारागारमा राखेपछि शकुनिमा कुरु शासकप्रति क्रोध उत्पन्न हुन्छ । यहाँ कुरु शासकसँग रिसाएको यातनाभोगी शकुनि आलम्बन विभाव हो भने कारागारको परिवेश, पिता र दाजुहरूले भोगेको यातना उद्दीपन विभाव हुन् । यहाँ प्रस्तुत भित्तामा निधार धस्नु, दाह्रा चपाउनु, उठ्नु र नेत्रकोस रक्तिम हुनु अनुभाव हुन् । आवेग (आँधी हुरीका रूपमा प्रश्वास रुमलिनु), अमर्ष (मानसमा धुवाँ गुम्सेर विवेक गुमाउनु), उग्रता (चैते डडेलोसरि छातीभित्र घृणा फैलनु) जस्ता सञ्चारी भावहरूको सञ्चरण भएर यहाँ क्रोध भावले स्थायित्व प्राप्त गरेको छ । यिनै आलम्बन विभाव, उद्दीपन विभाव, अनुभाव र सञ्चारीभावको संयोगबाट क्रोध स्थायीभाव भएको रौद्र रसको सहज स्वाभाविक अभिव्यक्ति भई यस काव्यांशमा रौद्र रस वक्रता उत्पन्न भएको छ ।

शकुनि शकुनिजस्तो ख्याकजस्तो कि ख्याली
शकुनि शकुनिकै हो रूप आचार झेली
शकुनि शकुनिलाई भन्दछन् देशभक्त
शकुनि र कवि हेर्दा लाग्न सक्लान् दुरुस्त । (सिग्देल, २०७७, पृ. ५८)

यहाँ 'शकुनि' पदका अनेक अर्थ भएकाले अभिव्यक्ति रहस्यमय बनेको छ । उक्त काव्यांशको पहिलो पङ्क्तिमा शकुनि (प्रस्तुत काव्यको नायक) शकुनि (महाभारतकालीन पात्र) जस्तो हो कि ख्याक (कुनामा बस्ने दुब्लो, बुढो व्यक्ति) ख्याली (ख्याल ठट्टा गर्ने व्यक्ति) जस्तो हो कि भनेर उपमा र सन्देह अलङ्कारको संयोगबाट बनेको संकर अलङ्कारको शोभा सम्पादन गरिएको छ । दोस्रो पङ्क्तिमा प्रयुक्त 'शकुनि' (प्रस्तुत काव्यको नायक) अरूलाई झुक्याएर वा जालझेल गरेर हिंसा गर्ने शकुनि (महाभारतकालीन पात्र) हो भनेर श्लेष र रूपकको संयोजनबाट निर्माण भएको संकर अलङ्कारकै सृजना गरिएको छ । तेस्रो पङ्क्तिमा प्रयुक्त पहिलो 'शकुनि' (प्रस्तुत काव्यको नायक) ले शकुनि (महाभारतकालीन पात्र) लाई देशभक्त मानेको अर्थका लागि प्रयोग भएकाले एउटै पदबाट दुइटा अर्थ बोध भएको छ । यसले गर्दा यहाँ श्लेषालङ्कारको शोभा देखिएको छ । चौथो पङ्क्तिमा प्रयुक्त शकुनि (प्रस्तुत काव्यको नायक) र कवि दुवै देशभक्त भएकाले दुवै उस्तै वा दुरुस्तै छन् भनिएको छ । यस अर्थमा यहाँ अनेक अलङ्कारको सौन्दर्य सिर्जना भएकाले आहार्य वक्रता उत्पन्न भएको छ

हाम्रै सक्कल बिर्सिएर धसियौँ हामी यता भासमा
आफ्ना गौरव खोज्नुपर्छ अहिले ती म्लेच्छका देशमा
हाम्रो संस्कृति पश्चिमी मुजुरका पङ्खा भिरेझैँ भयो
आआफ्ना अनुहार विस्मित भई ऐना नहेरे भयो । (सिग्देल, २०७७, पृ. ५७)

यस उदाहरणमा हामीले आफ्ना मौलिकताहरू बिर्सेर पाश्चात्य पद्धतिलाई अवलम्बन गरिएकामा व्यङ्ग्य गरिएको छ । आफ्ना मौलिक संस्कृतिलाई बिर्सेर हामीले अङ्गीकार गरेको पश्चिमी देशका

जीवनशैलीबाट हाम्रो अस्तित्वसमेत सङ्कटमा परेको अवस्थाप्रति सङ्केत गर्दै आफ्नो गौरव जोगाउनुपर्ने चेतनामूलक सन्देश यहाँ प्रस्तुतत भएको छ । यसरी संस्कृतिसम्बन्धी नीतिमूलक विषयको अभिव्यक्ति भएकाले यहाँ लोकव्यवहारप्रधान वाक्य वक्रता उत्पन्न भएको छ । काव्यमा प्रस्तुत गरिएका शकुनि वीर रसका आलम्बन भएकाले, गान्धारी करुण रसकी आलम्बन भएकीले र भीष्म रौद्र रसका आलम्बन भएकाले यी पात्रहरू वस्तु वक्रताका उदाहरणहरू हुन् । यिनलाई यहाँ प्रधान चेतन वस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

## प्रकरण वक्रता

काव्यमा प्रस्तुत भएको कथाको विधानलाई प्रबन्ध भनिन्छ भने त्यही प्रबन्धभित्रको प्रसङ्गलाई प्रकरण भनिन्छ । यसलाई प्रबन्धको एक भाग वा अंशका रूपमा लिन सकिन्छ । कुन्तकले “प्रबन्धस्यैकदेशानां” भनेर प्रबन्धको एकदेश वा भागका रूपमा प्रकरणलाई चिनाएका छन् (सन् १९५५, पृ. ४९६) । यस्ता प्रकरणलाई सजीवता तथा अपूर्व शोभा प्रदान गर्ने वक्रतालाई प्रकरण वक्रता भनिन्छ (गुप्ता, १९९०, पृ. ११) । यसर्थ खास प्रकरणमा निहित अपूर्व शोभा नै प्रकरण वक्रता हो । कुन्तकले यस वक्रताका पात्र प्रवृत्ति वक्रता, उत्पाद्य कथा लावण्य वक्रता, उपकार्योपकारक वक्रता, आवृत्ति/विशिष्ट अतिरञ्जना वक्रता, प्रासङ्गिक कथा सौन्दर्य वक्रता, प्रधान रस निश्चिति वक्रता, अवान्तर कथावस्तुवैचित्र्य वक्रता, गर्भाङ्क/प्रकरणान्तर्गत वक्रता र सन्ध्यङ्ग/मुख सन्ध्यादि सङ्गति वक्रता गरी नौ भेदको चर्चा गरेका छन् (२०१२, पृ. ४८४–५२४) । *शकुनि* खण्डकाव्यमा प्रयुक्त यस वक्रतका केही प्रयोगहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

*शकुनि* खण्डकाव्यका नायक शकुनि महाभारतकालीन पात्र हुन् । उनी महाभारत महाकाव्यमा पाण्डवलाई जुवा खेलमा छलपूर्वक हराउने कुटिल एवं खलपात्रका रूपमा चित्रण गरिएका छन् । यस्ता खलपात्रलाई भने *शकुनि* खण्डकाव्यमा वीर, साहसी, निर्भीक र देशभक्त चरित्रका रूपमा चित्रण गरिएको छ । सत्पात्र शकुनिलाई महाभारतमा खल चरित्रका रूपमा चित्रण गरेर आलोचना गरिएको कुरालाई यस काव्यमा सारांशमा प्रस्तुत गरिएको छ (सिग्देल, २०७७, पृ. ५९) भन्ने कविको कथनबाट पनि यस कुराको पुष्टि हुन्छ । यसर्थ यस खण्डकाव्यमा शकुनि अनुकूल चरित्रका रूपमा प्रस्तुत भएका छन् । यहाँ भनिएको छ :

धेरै रात बित्यो सदस्य निहुरे लत्रेर माथा झुके
सुस्केरा मुखमा सुनिन्छ सबका वाणी गलामा लुके
यो आक्रोशित भावमा शकुनिले सङ्ग्राम बाटो लियो
सच्चा सेवक राष्ट्रभक्त हुनुको आफ्नो चिनारी दियो । (सिग्देल, २०७७, पृ. ६८)

कुरुराज्यबाट नाबालक गान्धारीलाई लैजान गरिएको अपमानपूर्ण व्यवहारलाई शकुनिले नसहने र प्रतिकारमा उत्रने प्रतिबद्धता व्यक्त गरेका छन् । भीष्मका डरले गान्धार राज्यका राजालगायतका सबै सञ्चालकहरूको शिर झुकेका र वाणी गलामा सुकेका समयमा साहसी शकुनिले सङ्ग्रामको बाटो लिएका छन् र देशभक्त भएर आफ्नो परिचय दिएका छन् । यो उनमा देखिएको अनुकूल चरित्रको विशेषता हो । उनको यस प्रकारको चरित्रबाट यहाँ पात्र प्रवृत्ति वक्रता उत्पन्न भएको छ ।

महाभारत महाकाव्यमा वर्णन गरिएको कथालाई फरक दृष्टिकोणका साथ यस खण्डकाव्यको कथानक बनाई प्रस्तुत गरिएको छ । महाभारतमा शकुनि जाली, फटाहा र कपटी चरित्रका रूपमा चित्रण गरिएका छन् तर यस काव्यमा भने उनलाई गान्धारलाई हेप्ने, त्यस राज्यलाई आफ्नो स्वार्थानुकूल उपयोग गर्ने र अन्तमा आक्रमण गरी पिता र दाजुहरूलाई झ्यालखानामा थुन्ने अन्यायी कुरुका विरुद्धमा दृढतापूर्वक लाग्ने देशभक्त चरित्रका रूपमा चिनाइएको छ । अरूका दुष्ट व्यवहारको प्रतिकारका लागि उनी निर्भीकताका साथ जाइलाग्थे भन्ने कुरालाई यहाँ यसरी प्रस्तुत गरिएको छ :

यो के भो किन भो दशा शकुनिको उद्वेग बेचैन भो
हाहाकार नसानसा मगजमा आक्रोश पाक्यो जल्यो
या क्रोधी कुरुराज्य पस्न चितुवा जस्तै बनी दौडियो
नाकामै कुरुराज सैनिक थिए बेप्रश्न ऊ पक्रियो । (सिग्देल, २०७७, पृ. ७५)

महाभारतमा वर्णन नगरिएको उक्त प्रकरण यस काव्यमा शकुनिको साहसी एवं निर्भीकपनलाई व्यक्त गर्न प्रस्तुत गरिएको छ । खास अभिप्रायका लागि आयोजना गरिएको यो प्रकरण अविद्यमानको कल्पना हो । यसलाई उत्पाद्यकथा लावण्य प्रकरण वक्रताको उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

यस काव्यमा काशीराजको कथा पनि प्रस्तुत भएको छ । काशीराजका छोरीहरू अम्बा, अम्बिका र अम्बालिकालाई भीष्मले अपहरण गरी विचित्रवीर्यका पत्नी बनाउन लगेको कथा यस काव्यको सहायक कथा हो । गान्धार राज्यकी बालक राजकुमारी गान्धारीलाई कुरुवंशी धृतराष्ट्रकी पत्नी बनाउन भूमिका खेल्ने, गान्धार राज्यलाई ध्वस्त बनाउने र सुबाला तथा तिनका छोराहरूलाई कारागारमा यातनापूर्वक बन्दी बनाउने भीष्मका व्यवहार र त्यस्तो व्यवहारको प्रतिकारमा उत्रेको शकुनिको विचार व्यवहार व्यक्त गरिएको कथाचाहिँ मुख्य कथा हो । यस मुख्य कथाको गर्भाङ्क बनेर आएको सहायक कथालाई यहाँ साभिप्राय प्रस्तुत गरिएको छ । यसर्थ खास सौन्दर्य सिद्धिका लागि काशीराजका छोरीहरू भीष्मले बलपूर्वक विचित्रवीर्यका लागि लगेको प्रकरण गर्भाङ्क वक्रताको अर्को उदाहरण हो ।

**प्रबन्ध वक्रता**

समग्र काव्यमा निहित सौन्दर्यलाई प्रबन्ध वक्रता भनिन्छ । यो वक्रता प्रबन्ध कल्पनाको समग्र सौन्दर्यको पर्याय हो (नगेन्द्र, १९८३, पृ. २१४) । यो समग्र कृतिका स्तरमा निहित चमत्कार हो । वक्रोक्तिजीवितम्मा कुन्तकले यसका छओटा भेदको चर्चा गरेका छन् : मूल रस परिवर्तन वक्रता, समापन वक्रता, कथा विच्छेद वक्रता, आनुसङ्गिक फल वक्रता, नामकरण वक्रता र तुल्यकथा वक्रता । यीमध्ये *शकुनि* खण्डकाव्यमा मूल रस परिवर्तन वक्रता र कथा समापन वक्रताको प्रयोग पाइन्छ ।

*शकुनि* खण्डकाव्यको उपजीव्य ग्रन्थ महाभारत हो । महाभारतमा शकुनि दुष्ट चरित्रका रूपमा चित्रण गरिएका छन् । महाभारतमा उनको चरित्रबाट जुन रस व्यञ्जित हुन्छ त्यसैका सापेक्षतामा यहाँ मूल रसमा परिवर्तन गरिएको पाइन्छ । यो मूल रस परिवर्तनको अवस्था हो । भीष्म र कुरुराज्यका व्यवहारको प्रतिकार गर्न चाहने शकुनिबाट व्यञ्जित हुने रसलाई यस काव्यमा यसरी प्रस्तुत गरिएको छ :

लाचारी अनुमानले किन घुँडा टेकूँ सिकारीसँग
माग्ने हो कुरुराज्य के डर लिने चुत्था भिखारीसँग

आजै मार्दछु दूत गर्दन गिँडी सन्देश फिर्ता दिनू
भोलामा शिर दूतको लगिदिऔँ सच्चा यताको चिनु । (सिग्देल, २०७७, पृ. ६८)

कुरुराज्यका अन्धा राजकुमार धृतराष्ट्रलाई गान्धारकी राजकुमारी गान्धारी सुम्पन दूतमार्फत भीष्मद्वारा सन्देश पठाइएको र सिंहसँग दुस्मनी नगर्ने गान्धार सभाको सल्लाहअनुसार गान्धारी कुरुराजकुमारलाई सुम्पिने कुरा मन नपराई शकुनिबाट यो कथन व्यक्त भएको हो । यस कथनमा शकुनिको उत्साहजनक अभिव्यक्ति प्रस्तुत भएको छ । यसर्थ यहाँ शकुनिको चरित्रलाई भिन्न रूपमा प्रस्तुत गरिएको छ ।

*शकुनि* खण्डकाव्यमा सामन्ती राज्य कुरु र त्यसका संरक्षक भीष्मसँग लड्न शकुनिले साधना गरेको प्रसङ्गको वर्णन गरी यसभन्दा परको कथा महाभारतले लेख्ला भनी खण्डकाव्यको कथा अन्त्य गरिएको छ । यसरी कथानकलाई उत्कर्षतामा पुऱ्याई त्यसलाई एकाएक अन्त्य गर्नु कथा समापनमा देखिएको वैचित्र्य हो । यहाँ भनिएको छ :

योभन्दा परको कथा शकुनिको लेख्ला महाभारत
सच्चा वीर सपूत को सहिद हो बुझ्ला महाभारत ?
खै गान्धार नरेश राज्यहकको बाँचेन नासो यहाँ
को सुन्ला र पत्याउला शकुनिको साँचो व्यथा सारमा । (सिग्देल, २०७७, पृ. ८८)

कवि कथनका रूपमा प्रस्तुत यस काव्यांशमा शकुनिको वीरताका बयानपछि काव्यको अन्त्य गरिएको जानकारी दिइएको छ । काव्यकारले यसरी काव्यको कथानक एकाएक अन्त्य गर्नुको खास अभिप्राय देखिन्छ । यसपछिका घटना वर्णन गर्दा शकुनिको अनुकूलता नष्ट हुने सम्भावना रहेकाले काव्यकारबाट शकुनिको वीरताको कथालाई उत्कर्षतामा पुऱ्याई समापन गरिएको छ । यो नै यस काव्यमा निहित कथा समापन वक्रताको प्रयोग हो । यसर्थ यस काव्यमा मूल रस परिवर्तन वक्रता र कथा समापन वक्रता प्रबन्ध वक्रताको प्रयोगका उदाहरण बनेका छन् ।

## निष्कर्ष

*शकुनि* खण्डकाव्यमा वर्णविन्यास वक्रताका एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, वर्गान्तयोगी स्पर्शवर्ण वक्रता, रकारादि संयुक्तवर्ण वक्रता र यमकाभास वक्रताको सौन्दर्य देखापरेको छ। पदपूर्वार्द्ध वक्रताका रूढि, पर्याय, संवृत्ति, वृत्ति, भाव, विशेषण, उपचार, क्रिया वक्रताहरूको प्रयोगले काव्य सुशोभित बनेको छ । पदपरार्द्ध वक्रताका काल, उपग्रह तथा पुरुष वक्रताहरूको प्रयोगले यो काव्य चमत्कृत बनेको छ। यहाँ वाक्य वक्रताका सहजा र आहार्य वक्रताको शोभा पनि देखिएको छ। रौद्र, वीर, करुण रसको अभिव्यक्तिले काव्यलाई सरस तुल्याएको छ। रसका आलम्बनका रूपमा वर्णन गरिएको प्रधान चेतन वस्तुको प्रयोग पनि यहाँ भएको छ। त्यस्तै संस्कृति विषयक नीतिपरक वक्रताको प्रयोगले पाठकमा लोकव्यवहारप्रधान शिक्षा पनि प्राप्त भएको छ। प्रकरण वक्रताअन्तर्गतका पात्र प्रवृत्ति वक्रता, उत्पाद्यकथा लावण्य वक्रता, गर्भाङ्क वक्रताको प्रयोगले यस काव्यका विभिन्न प्रकरणहरूलाई वैचित्र्यमय तुल्याएको छ । प्रबन्ध वक्रताअन्तर्गत मूल रस परिवर्तन वक्रता र कथासमापन वक्रताको प्रयोगले समग्र काव्यका स्तरमा शोभा सम्पादन भएको छ । यसरी कुन्तकद्वारा प्रतिपादित वक्रोक्तिका सबै भेदको प्रयोग भई यो काव्य सौन्दर्यातिशयले ओतप्रोत बनेको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, गंगाप्रसाद (२०७३). *तरुण तपसी नव्यकाव्यमा वक्रोक्ति.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

उपाध्याय, केशवप्रसाद (२०४८). *पूर्वीय साहित्य सिद्धान्त* (दोस्रो संस्क.). साझा प्रकाशन ।

कुन्तक (सन् १९५५). *वक्रोक्तिजीवितम्, आचार्य विश्वेश्वर* (हिन्दी व्याख्या.). रामलालपुरी ।

खनाल, श्यामप्रसाद (२०६८). *मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय ।

गुप्ता, सुधा (सन् १९९०). *वक्रोक्ति सिद्धान्त और हिन्दी कविता.* राधा पब्लिकेसन्स ।

त्रिपाठी, राधावल्लभ (सन् २००७). *भारतीय काव्यशास्त्रकी आचार्य-परम्परा.* विश्वविद्यालय प्रकाशन ।

नगेन्द्र (सन् १९८३). *भारतीय काव्यशास्त्रकी भूमिका* (तेस्रो संस्क.). नेसनल पब्लिसिङ हाउस ।

शर्मा, ऋषिराम (२०७४). *पूर्वीय साहित्यशास्त्रीय नेपाली प्रायोगिक समालोचना.* सुरेश अर्याल ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौथो संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

सिग्देल, भुवनहरि (२०७७). 'शकुनि'. *खण्डकाव्य त्रयोदश.* शिखा बुक्स ।